# अध्ययन शोध सहायता सम्झौता पत्र

वातावरण विभाग (यस पछि पहिलो पक्ष भनिएको) र ........................................(शोध कार्य गर्न छनोट भएको विद्यार्थी) (यस पछि दोस्रो पक्ष भनिएको) बीच यस विभागको चालु आ.व.२०७६/०७७ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत "स्नातकोत्तर तहमा वातावरण विषय अध्ययनरत विद्यार्थीहरुलाई शोध कार्य सहायता" कार्यक्रम संचालन गर्नका लागि तपसील बमोजिमका शर्तहरुका अधिनमा रही दुई पक्ष बीच यो सम्झौता गरिएको छ ।

**छनौट गरिएका विद्यार्थी**

| विद्यार्थीको नाम | शोधकार्यको शिर्षक |
|---|---|
| | |

**शर्तहरू**

१. दोस्रो पक्ष लाई शोधकार्यमा सहयोग वापत प्रति विद्यार्थी रु. ....................../- (अक्षरुपी रु. ......................मात्र) दोस्रो पक्षले पहिलो पक्षलाई शोध पत्र वा सम्वन्धित शैक्षिक संस्था तथा सुपरभाईजरको सिफारिस सहितको शोध पत्रको ड्राफ्ट बुझाए पश्चात, पहिलो पक्षले दास्रो पक्षलाई एकमुष्ट रुपमा नियमानुसार कर कट्टी गरी उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्ष ले २०७७ असार १५ भित्र शोध कार्य सम्पन्न गरि शोधपत्र (Thesis/Dissertation) को अन्तिम स्विकृत प्रतिवेदन थेसीस सुपरभाइजर मार्फत पेश गरिसक्नु पर्नेछ । यदि उक्त समयमा कुनै कारणवस शोधपत्रको प्रस्तुतिकरण हुन नसकी शोध कार्य पुर्ण रुपमा सम्पन्न हुन नसक्ने भएमा सो को कारण सहित सम्वन्धित शैक्षिक संस्थाको सिफारिसमा कारण खुलाएको पत्र विभागमा पेश गर्नु पर्ने छ ।

३. दोस्रो पक्षले कुनै कारणबस शोध कार्य गर्न नसक्ने भएमा अविलम्ब प्रथम पक्ष समक्ष सम्बन्धित शैक्षिक संस्था तथा सुपरिवेक्षकको सिफारिस सहित जानकारी गराउनु पर्नेछ र सोही मिति बाट यो सम्झौता स्वत: रद्ध हुनेछ।

४. सम्झौता गरेको विद्यार्थी संगको सम्झौता यदि २०७६ चैत्र मसान्त भित्र रद्ध भएमा विभागले वैकल्पिक सुचिमा रहेका विद्यार्थीहरुबाट योग्यता क्रम अनुसार यथाशिघ्र सम्झौता गर्नेछ । तर त्यस्तो सम्झौताका अन्य शर्तहरु परिवर्तन हुनेछैनन् ।

५. विद्यार्थीको शोध निर्देशन सम्बन्धित शैक्षिक संस्था तथा सुपरिवेक्षकले गर्नेछ र आवश्यक ठानेमा प्रथम पक्षबाट Supervisor वा Co-Supervisor पनि राख्न सक्नेछ तथा प्रथम पक्षको सम्बन्धित पदाधिकारीले आवश्यक ठानेमा शोधकर्ताको कार्यको अनुगमन र निर्देशन गर्न सक्नेछ ।

६ सम्बन्धित अध्ययन संस्थामा मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गर्नु पूर्व सोको प्रस्तुतीकरण विभागमा गर्नुपर्नेछ र विभागमा छलफलका क्रममा उठेका बिषयबस्तु तथा सुझावहरु समेत समेटेर विद्यार्थीले शोधपत्र सम्बन्धित निकायमा पेश तथा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

७ यदि सम्बन्धित शैक्षिक संस्थाको शैक्षिक क्यालेन्डर अनुसार सम्झौताको म्याद भित्र सम्बन्धित संस्थामा मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गर्न नसक्ने भएमा सम्बन्धित शैक्षिक संस्थाको कारण खुलाएको पत्र विभागमा पेश

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

गर्नुपर्नेछ तथा २०७७ अषाढ २० भित्रै प्रथम पक्ष समक्ष मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गरी छलफलका क्रममा उठेका बिषयबस्तु तथा सुझावहरु समेत समेटेर शोधपत्र तयार गर्नु पर्नेछ ।

८ शोध अनुदान प्राप्त गर्ने विद्यार्थीले सम्बन्धित शैक्षिक संस्थाबाट अन्तिम प्रतिवेदन स्वीकृत भएपछि शोध पत्रको Hard copy एक प्रति तथा Soft copy अनिवार्य रुपमा विभागमा बुझाउनु पर्नेछ ।

९ शोध पत्र अनुदान प्राप्त गर्ने विद्यार्थीले शोधपत्रमा आधारित रही कम्तिमा एक वटा Research Article तोकिएको ढाँचामा विभागमा पेश गर्नु पर्नेछ र त्यस्तो Research Article प्रकाशनका लागि छनौट भएमा विभागले प्रकाशन गर्ने जर्नलमा प्रकाशित गर्न सकिनेछ ।

१० यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

माथिका शर्तहरुको पालना गर्न दुबै पक्ष मञ्जुर भई यो सम्झौता गरिएको छ ।

| पहिलो पक्षको तर्फबाट | सम्बन्धित शैक्षिक संस्थाका प्रतिनिधि | दोस्रो पक्ष (शोध कर्ता) को तर्फबाट |
|---|---|---|
| दस्तखत :.......................... | दस्तखत :.......................... | दस्तखत :.......................... |
| नाम : ............................ | नाम : ............................ | नाम : ............................ |
| पद : उप महानिर्देशक | पद: ......................... | मिति : ............................ |
| मिति : ............................ | मिति : ............................ | |
| संस्थाको छाप | संस्थाको छाप | साक्षीहरु: १. .................... |
| साक्षीहरु: १. ........................ | | २. .................... |
| २. ........................ | | |